# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, चैत ३१ गते, २०८१ साल (अतिरिक्ताङ्क २९

## भाग-३

## कर्णाली प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालययको

## <u>सूचना</u>

### <u>कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (दोस्रो संशोधन) कार्यविधि, २०८१</u>

**<u>प्रस्तावना:</u>** कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम “कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (दोस्रो संशोधन) कार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मूल कार्यविधिको दफा ५ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ५ को उपदफा (२) मा "अनुसूची-२ बमोजिम हुनेछ" भन्ने शब्दहरु पछि "र अनुसूची–२ बमोजिम पनि अधिकतम अनुदान सीमा रकम निर्धारण नगरिएका कार्यक्रमको हकमा स्वीकृत बजेटको परिधि भित्र रही स्थानीय आवश्यकता र प्राविधिक सम्भाव्यताको आधारमा सम्बन्धित प्राविधिकले तयार गरेको लागत अनुमान बमोजिम हुनेछ” भन्ने शब्दहरु थपिएको छ।

३. **<u>मूल कार्यविधिको दफा १४ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १४ को उपदफा (६) को खण्ड (ख) झिकिएको छ।

४. **<u>मूल कार्यविधिको दफा १५ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १५ को,-

(१) उपदफा (३) को,

(क) खण्ड (क) मा रहेको "निर्देशक समिति" भन्ने शब्दहरुको सट्टा "कार्यक्रम सञ्चालन समिति" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (घ) मा रहेको "निर्देशक समिति" भन्ने शब्दहरुको सट्टा "कार्यक्रम सञ्चालन समिति" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) मा रहेको "निर्देशक समिति" भन्ने शब्दहरुको सट्टा "कार्यक्रम सञ्चालन समिति" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (५) मा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "कार्यालय" भन्ने शब्द राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) उपदफा (६) मा रहेको "मन्त्रालय वा" शब्दहरु झिकिएको छ र सोही उपदफामा रहेको "निर्देशक समिति" भन्ने शब्दहरुको सट्टा "कार्यक्रम सञ्चालन समिति" भन्ने शब्दहरु राखिएका छन्।

५. **<u>मूल कार्यविधिको दफा २६ मा संशोधनः</u>** मूल कार्यविधिको दफा २६ को उपदफा (३ख) को खण्ड (ख) झिकिएको छ।

६. **<u>मूल कार्यविधिको दफा २७ मा संशोधनः</u>** मूल कार्यविधिको दफा २७ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) पशुपन्छी पालनको लागि कृषक समूह र सहकारीको हकमा कम्तीमा पचास भैंसी वा गाई, पाँच सय बाख्रा पालन गरेको समुदाय र कृषि फर्म वा व्यवसायिक कृषकको हकमा कम्तीमा पाँच वटा माउँ भैंसी वा गाई, बीस वटा माउँ बाख्रा भएको कृषि फर्म वा व्यवसायिक कृषक छनौट गरी कार्यक्रम सञ्चालन गर्ने"

७. **<u>मूल कार्यविधिको दफा २९ मा संशोधनः</u>** मूल कार्यविधिको दफा २९ को,-

(१) उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) मासु पसल सुधार कार्यक्रम (मासु बिक्रि स्थल निर्माण तथा सुधार, मेसिनरी तथा औजार उपकरण खरिद, फोहोर व्यवस्थापन)"

(२) उपदफा (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) पशुपन्छी पालनको लागि कृषक समूह र सहकारीको हकमा कम्तीमा पचास भैंसी वा गाई, पाँच सय बाख्रा पालन गरेको समुदाय र कृषि फर्म वा व्यवसायिक कृषकको हकमा कम्तीमा पाँच वटा माउँ भैंसी वा गाई, बीस वटा माउँ बाख्रा भएको कृषि फर्म वा व्यवसायिक कृषक छनौट गरी कार्यक्रम सञ्चालन गर्ने"

आन्तरिक मामिला तथा कानून मन्त्रालय

८. **मूल कार्यविधिको दफा ३० मा संशोधनः** मूल कार्यविधिको दफा ३० को उपदफा (१) को खण्ड (क) मा रहेका "आलु" भन्ने शब्द पछि "रैथाने बाली" भन्ने शब्द थपिएको छ।

९. **मूल कार्यविधिमा संशोधनः** मूल कार्यविधिको दफा ४८ पछि देहायको दफा (४८क) थपिएको छः-

"४८ (क) **भूकम्प प्रभावित कृषकका लागि आय आर्जन कार्यक्रम :**

(१) भूकम्प प्रभावित क्षेत्रमा आय आर्जन कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) प्रमुख बाली (खाद्यान्न, तरकारी, बीउ उत्पादन, आलु, दलहन, तेलहन, मसलाबाली, मौरी घार, च्याउ, कपास) को क्षेत्रफल विस्तार,

(ख) उन्नत कृषि प्रविधि (मल, बीउ र बाली संरक्षण सामग्री) को प्रयोग,

(ग) पशुपन्छीतर्फ आहारा सुधार, गोठ वा खोर निर्माण तथा सुधार, नश्ल सुधार, *माउजात र पशुस्वास्थ्य सम्बन्धी कार्य,

(घ) प्रारम्भिक कृषि प्रशोधन र मूल्य अभिवृद्धि,

(ङ) सामुहिक साना सिँचाई निर्माण तथा मर्मत।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा देहायको मापदण्ड तथा प्रकृया अवलम्बन गर्नु पर्नेछः-

(क) भुकम्प प्रभावित क्षेत्रको लाभग्राही छनोटको लागि जिल्ला तथा स्थानीय तहको विपद व्यवस्थापन समितिले भुकम्प जाँदा तयार गरेको प्रतिवेदनमा नाम समावेश भएको हुनुपर्ने,

(ख) उक्त भुकम्प प्रभावित क्षेत्र तथा समुदाय प्रतिवेदनमा भएका भुकम्प प्रभावित समुदायहरु मध्ये सम्बन्धित

पालिकाका जनप्रतिनिधिहरुको समन्वयमा क्रमश भुकम्पमा ज्यान गुमाएका, अति विपन्न, दलित र भुकम्पमा पशुपन्छी (गाइ, भैसी, भेडा, बाख्रा आदि) क्षति भएको वर्गलाइ प्राथमिकता दिइ छनोट गर्ने,

(ग) छनोट भएका लाभग्राहीहरुलाई लक्षित वर्ग मानी कृषि तथा पशुपन्छीसँग सम्बन्धित आय आर्जन कार्यक्रम सञ्चालन गर्न सकिनेछ,

(घ) लाभग्राहीहरुलाई अनुदान प्रदान गर्दा पान नम्बर नभए पनि नेपाल सरकारको नियमानुसार कर कट्टी गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।"

निर्णय मिति २०८१/११/१३

आज्ञाले,
परशुराम रावत
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय